मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ५० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ फागुन २३ गते शनिबार ❑ 7 Mar. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## कास्कीमा करिब ६० प्रतिशत मत खस्यो

**पोखरापत्र संवाददाता**
पोखरा, २२ फागुन



कास्की जिल्लामा प्रतिनिधिसभा सदस्य निर्वाचन अन्तर्गत बिहीबार सम्पन्न मतदानमा करिब ६० प्रतिशत मत खसेको छ।

प्रदेश निर्वाचन कार्यालय पोखराका अनुसार मतदाताको सहभागिता उत्साहजनक देखिएकाले कुल ६० देखि ६२ प्रतिशतसम्म मत खस्ने अनुमान गरिएको छ । मतदान सकिए पनि सबै मतदानस्थल र मतदानकेन्द्रको समयमै रिपोटिङ हुन नसक्दा हाल एकिन तथ्याङ्क हाल नआएको प्रदेश निर्वाचन कार्यालय पोखराका सूचना अधिकारी रुद्रनाथ न्यौपानेले बताए।

११ बजेसम्म करिब २० प्रतिशत मत खसेको थियो। त्यसपछि मतदाताको सहभागिता बढ्दै जाँदा दिउँसो १:३० बजेसम्म करिब ४० प्रतिशत मत खसेको हो । मतदानको अन्तिम समयसम्म मतदाताको उपस्थितिले जिल्लामा करिब ६० प्रतिशत मत खसेको प्रारम्भिक विवरण आएको उनले जनाए।

मतदान सकिएपछि आजै मतगणना सुरु गर्ने तयारी गरिएको कास्कीका मुख्य निर्वाचन अधिकृत हिमलाल बेल्बासेले बताए । जिल्लाभरका मतदान केन्द्रमा कुनै अप्रिय घटना नभई शान्तिपूर्ण रुपमा मतदान सम्पन्न भएको उनले जनाए । बिहान ७ बजेदेखि सुरु भएको मतदान बेलुका ५ बजेसम्म मतदान केन्द्रभित्र प्रवेश गरेका मतदाताले मतदान गरेका थिए। मतदान सकिएपछि मतपेटिका सम्बन्धित मतगणना स्थलमा ल्याएसंगै सर्वदलीय बैठकपछि आजै मतगणना सुरु गर्ने तयारी गरिएको मुख्य निर्वाचन अधिकृत बेल्बासेले बताए । उनका अनुसार कास्की-१ को मतगणना पोखरा-१२ स्थित वडा कार्यालयमा, कास्की-२ को मतगणना निर्वाचन कार्यालयमा तथा कास्की-३ को मतगणना मुख्य निर्वाचन अधिकृतको कार्यालय रहेको कृषि मन्त्रालयको भवनमा गरिने व्यवस्था मिलाइएको छ । जिल्लामा तीन प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा मतदान भएको हो । कास्कीमा कुल ३ लाख ८ हजार ५ सय ७२ मतदाता रहेका छन् भने जिल्लाभर २ अस्थायी मतदान स्थलसहित १ सय ५३ मतदान स्थलमार्फत मतदान भएको हो। दृष्टिबिहिन श्रीकान्त सापकोटाले आगामी निर्वाचनमा आफुहरुले कसैको सहायता विना मतदान गर्ने वातावरण सृजना गर्नुपर्ने माग गरे । "अर्कोको भरमा मेरो मनको गोप्य मत हालनुपर्ने बाध्यताले मेरो मन खुसि छैन।" उनले भने। पेशाले शिक्षक सापकोटाले यस्ता बिषयमा राजनीतिक दलहरुले सोच्नुपर्ने बताउदै पोखरा १ मा रहेको संस्कृति माविबाट मतदान गरेका हुन् । यसैबीच, अस्थायी मतदान केन्द्र रहेको कास्की कारागारमा शत प्रतिशत मतदान भएको छ। मतदान अधिकृत गोविन्द श्रेष्ठका अनुसार बिहान ७ बजेदेखि सुरु भएको मतदान करिब दुई घण्टामै सम्पन्न भएको थियो। कारागारमा रहेका ३७ जना कैदीबन्दी र ३ जना कर्मचारी गरी कुल ४० मत खसेको जनाइएको छ।

त्यस्तै, कर्मचारीका लागि जिल्ला समन्वय समिति कास्की परिसरमा अस्थायी मतदान केन्द्र स्थापना गरिएको छ जहाँ निर्वाचनमा खटिएका कर्मचारीहरूले समानुपातिक तर्फको मत हालको हुन् । निर्वाचन अधिकृत सरस्वती गिरी उक्त केन्द्रमा खटिएकी थिइन्।

## मुस्ताङबाट काँग्रेसका योगेश गौचन थकाली निर्वाचित

**पोखरापत्र संवाददाता**
पोखरा, २२ फागुन



हिमालपारीको जिल्ला मुस्ताङबाट नेपाली काँग्रेसका युवा उम्मेदवार योगेश गौचन थकाली पुनः निर्वाचित हुनुभएको छ।

थकालीले नेकपा (एमाले) का उम्मेदवार इन्द्रधार बिष्टलाई १ हजार ८०६ मतान्तरले पराजित गर्दै प्रतिनिधिसभा सदस्यमा दोस्रो पटक विजयी हासिल गर्नुभएको हो। आज सम्पन्न भएको अन्तिम मतपरिणाम अनुसार काँग्रेसका उम्मेदवार थकालीले ३ हजार ३०७ मत प्राप्त गर्नुभएको छ भने उहाँका निकटतम प्रतिद्वन्द्वी एमालेका उम्मेदवार बिष्टले १ हजार ८०३ मत प्राप्त गर्नुभएको निर्वाचन कार्यालयले जनाएको छ। यससँगै थकालीले अघिल्लो निर्वाचनमा जस्तै यस पटक पनि एमाले उम्मेदवारलाई पराजित गर्दै आफ्नो जित दोहोर्याउन सफल हुनुभएको हो। थकालीले काँग्रेको लागि खाता खोलेसंगै पार्टीले शुक्रबार भव्य स्वागत सहित बधाई ज्ञापन गरेको मुस्ताङ काँग्रेस पार्टी सभापति रोमी गौचनले बताउनु भयो । प्रतिनिधिसभा सदस्य निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार अधितीय चन्द्र थकालीले ७५९ मत प्राप्त गर्दै तेस्रो स्थान हासिल गर्नुभएको छ । यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार कमला लालचनले १६१ मत, नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का उम्मेदवार ङुटुक गुरुङ (टाइगर) ले १५१ मत प्राप्त गर्नुभएको छ। यसैगरी उज्यालो नेपाल पार्टीका डा. सुरेन्द्र शेरचनले ८५ मत, आम जनता पार्टीका उम्मेदवार अजय विकले ९ मत तथा मंगोल नेशनल अर्गनाइजेशनका उम्मेदवार यमबहादुर गुरुङले ३ मत प्राप्त गर्नुभएको छ।

मुस्ताङका पाँच स्थानीय तहमा रहेका ३९ मतदान केन्द्रमा कुल ११ हजार ३२८ मतदाता रहेकोमा ६ हजार २९८ मत अर्थात् करिब ५६.४७ प्रतिशत मतदान भएको थियो। जसमध्ये १०७ मत बदर भएको निर्वाचन कार्यालयले जनाएको छ।

यसअघि २०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा पनि योगेश गौचन थकालीले एमालेका उम्मेदवार प्रेमप्रसाद तुलाचनलाई ९ सय १८ मत अन्तरले पराजित गर्दै मुस्ताङबाट विजयी हुनुभएको थियो। यस पटकको निर्वाचनमा पुनः विजय हासिल गर्दै उहाँले आफ्नो राजनीतिक प्रभाव कायम राख्न सफल हुनुभएको छ। थकालीले अघिल्लो पटक ३ हजार ९ सय ९६ मत ल्याउनु भएको थियो।

## रुकुम पूर्व प्रचण्ड विजयी

**रासस**
काठमाडौं, २२ फागुन



प्रतिनिधिसभा सदस्य निर्वाचन अन्तर्गत रुकुम पूर्वबाट नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का संयोजक तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' विजयी हुनुभएको छ।

उहाँले निकटतम प्रतिद्वन्द्वीलाई ६ हजारभन्दा बढी मतान्तरले पराजित गर्दै पार्टीलाई उक्त क्षेत्रबाट पहिलो जित दिलाउनुभएको हो।

बिहीबार सम्पन्न निर्वाचनको मतगणना अनुसार प्रचण्डले १० हजार २४० मत प्राप्त गर्दै विजय हासिल गर्नुभएको मुख्य निर्वाचन अधिकृत शिवप्रसाद खनालले जानकारी दिनुभयो । उहाँका निकटतम प्रतिद्वन्द्वी नेकपा (एमाले) का उम्मेदवार लीलामणि गौतमले ३ हजार ४६२ मत प्राप्त गर्नुभएको छ भने नेपाली काँग्रेसकी उम्मेदवार कुसुमदेवी थापाले ३ हजार ८१ मत प्राप्त गर्नुभएको छ। प्रचण्डले आफ्ना निकटतम प्रतिद्वन्द्वीलाई ६ हजार ७७८ मतान्तरले पछि पार्दै स्पष्ट जित हासिल गर्नुभएको हो । यस जितसँगै नेकपाले रुकुम पूर्वबाट प्रतिनिधिसभा निर्वाचनमा खाता खोल्न सफल भएको छ । निर्वाचन कार्यालयका अनुसार रुकुम पूर्वमा कुल ३४ हजार ७७२ मतदाता रहेका थिए। तीमध्ये १९ हजार १८८ मत खसेको थियो। मतगणनाको अन्तिम परिणाम सार्वजनिक भएसँगै प्रचण्डको जित सुनिश्चित भएको हो। रुकुम पूर्व माओवादी आन्दोलनको प्रभाव रहेको क्षेत्रका रूपमा चिनिँदै आएको छ। यस पटक पनि सो प्रभाव कायम राख्दै नेकपाका संयोजक प्रचण्डले फराकिलो मतान्तरसहित विजय हासिल गर्नुभएको हो।

## मतदान शान्तिपूर्ण : सूचना आयोग

**रासस**
काठमाडौं, २२ फागुन

राष्ट्रिय सूचना आयोगले बिहीबार सम्पन्न प्रतिनिधिसभाको निर्वाचन शान्तिपूर्ण तवरले सम्पन्न भएको जनाएको छ । आयोगले भक्तपुर, काभ्रेपलाञ्चोक, गुल्मी, कास्की र तनहुँका विभिन्न मतदान केन्द्रको पर्यवेक्षण गरेको थियो।

सहरी क्षेत्रमा मतदानमा उत्साहजनक सहभागिता रहेको र ग्रामीण क्षेत्रमा मतदान गर्ने तीव्र इच्छा हुँदाहुँदै कतिपय मतदान केन्द्र अपायक भएका कारण कम मतदान भएको पाएको आयोगले जनाएको छ। स्थलगत अनुमगनका क्रममा काभ्रेको जनहित मावि खनालथोकमा ६० प्रतिशत मतदान भएको छ भने भक्तपुरको गणेश आधारभूत प्राविमा ७५ प्रतिशत भन्दा बढी मतदान भएको पाइएको आयोगले विज्ञप्तिमार्फत जानकारी दिएको छ । आयोगका प्रमुख सूचना आयुक्त डा सुरेशप्रसाद आचार्य र सचिव दीर्घराज मैनालीको टोलीले भक्तपुरको निर्वाचन क्षेत्र नं २ मा पर्ने गणेश आधारभूत विद्यालय बालकोट, अरनिको मावि गाम्चा, ७ नं वडा कार्यालय गुण्डु र तर्गाखाल डेरी मतदान केन्द्रको पर्यवेक्षण गरेको थियो। त्यसैगरी, काभ्रेपलाञ्चोकको शारदा मावि पनौती र नमोबुद्ध नगरपालिकाका दाप्चा मावि र जनहित उच्च मावि केन्द्रमा पुगेर पर्यवेक्षण गरेको थियो। नमोबुद्ध नगरपालिकाका दुवै मतदान केन्द्र मतदाताको बसोबासका कारण अपायक भएको आयोगले स्पष्ट पारेको छ।

त्यस्तै, सूचना आयुक्त गगन विष्ट नेतृत्वको टोलीले गुल्मीको मालिका गाउँपालिका-६ को अर्जै माध्यमिक विद्यालय मतदान केन्द्र, इस्मा गाउँपालिका-१ को हिमालय मावि मतदान केन्द्र र २ को पालुखा मावि मतदान केन्द्रलगायतका मतदान केन्द्रमा पर्यवेक्षण गरेको थियो । ती मतदान केन्द्रमा शान्तिपूर्ण मतदान भएको छ। त्यस्तै, सूचना आयुक्त दुर्गा भण्डारी पौडेलको टोलीले कास्की क्षेत्र नं ३ का विभिन्न मतदान केन्द्रमा स्थलगत अनुमगन गरेको आयोगले जनाएको छ।

## शान्तिपूर्ण वातावरणमा निर्वाचन गराउन सफल भएकामा सरकारलाई कांग्रेसद्वारा धन्यवाद

**रासस**
काठमाडौं, २२ फागुन

नेपाली कांग्रेसले शान्तिपूर्ण वातावरणमा निर्वाचन गराउन सफल भएकामा सरकार र निर्वाचन आयोगलाई विशेष धन्यवाद दिएको छ।

सभापति गगनकुमार थापाले बिहीबार विज्ञप्ति जारी गरी निर्वाचनमा सहभागी भएर आफ्नो अमूल्य मताधिकार प्रयोग गर्नुहुने सम्पूर्ण आमाबुबा, दिदीबहिनी तथा दाजुभाइप्रति नेपाली कांग्रेस पार्टीका तर्फबाट उच्च सम्मानसहित कृतज्ञता व्यक्त गर्नुभयो । उहाँले भन्नुभएको छ, "प्रतिनिधिसभाको निर्वाचनमा देशव्यापी रूपमा मतदाताले प्रकट गरेको उत्साह र सक्रिय सहभागिताले लोकतन्त्रप्रतिको नेपाली निष्ठा र अटल प्रतिबद्धता पुनः एकपटक बलियो रूपमा अभिव्यक्त भएको छ ।" उहाँले जनताको सक्रिय सहभागिताले एकातर्फ लोकतान्त्रिक प्रणालीप्रति तपाईंहरूको गहिरो विश्वासलाई पुष्टि गरेको छ भने अर्कातर्फ राजनीतिक दलहरू र अब बन्ने सरकारलाई जनअपेक्षाअनुसार काम गर्न थप जिम्मेवार बनाएको उल्लेख गर्नुभएको छ । उहाँले निर्वाचन सफल बनाउन अहोरात्र खटिनुभएका राष्ट्रसेवक कर्मचारी र सम्पूर्ण सुरक्षा निकायप्रति हार्दिक आभार र बधाई प्रकट गर्नुभएको छ । साथै, कांग्रेसले निर्वाचनमा जिम्मेवारीपूर्ण भूमिका निर्वाह गर्नुभएका राजनीतिक दलहरू, सञ्चारकर्मी मित्रहरू तथा राष्ट्रिय एवं अन्तरराष्ट्रिय पर्यवेक्षकहरूप्रति पनि हार्दिक धन्यवाद व्यक्त गरेको छ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# छिटफुट घटनाबाहेक निर्वाचन शान्तिपूर्ण : मानवअधिकार आयोग

**पोखरापत्र संवाददाता**
पोखरा, २२ फागुन

राष्ट्रिय मानवअधिकार आयोगले छिटफुट घटनाबाहेक निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भएको निष्कर्ष निकालेको छ।

प्रतिनिधिसभा निर्वाचनको आयोगले मानवअधिकारको दृष्टिबाट अनुगमन गरेको थियो। अनुमगनकालागिआयोगकाअध्यक्ष, सदस्य, पूर्वपदाधिकारी र आयोगका कर्मचारी सम्मिलित ५२ वटा टोलीले ७५ वटा जिल्लामा पुगी निर्वाचनको अनुगमन गरेको हो। आयोगका अनुसार दोलखा, स्याङ्जा, सर्लाही जिल्लालगायतका केही मतदान केन्द्रमा आपसी विवादका कारण केही समय मतदान स्थगित भई पुनः सुरु भएको थियो। यस्तै, दाङ, ओखलढुङ्गा, दार्चुला जिल्लाका केही मतदान केन्द्रमा कोही पनि मतदान गर्न नआएको र केही मतदान केन्द्रमा अति न्यून मतदातामात्रै मतदानमा सहभागी भएको पाइएको आयोगले जनाएको छ।

कतिपय मतदान केन्द्रमा राजनीतिक दलका कार्यकर्ताबीच आपसी विवाद भएको एवं केही मतदानस्थल अपाङ्गता भएका व्यक्ति, गर्भवती, सुत्केरी र ज्येष्ठ नागरिकका लागि पहुँचयुक्त नभएको आयोगले उल्लेख गरेको छ। कतिपय मतदानस्थल बस्तीबाट धेरै टाढा भएका कारण अपाङ्गता भएका व्यक्ति, गर्भवती, सुत्केरी, ज्येष्ठ नागरिकलगायत मतदानबाट वञ्चित भएको पाइएको छ। कतिपय मतदानस्थलमा खानेपानी, शौचालय, प्राथमिक उपचारजस्ता अत्यावश्यक सेवाको पर्याप्त उपलब्धता नरहेको एवं मतदाता सहभागिता न्यून देखिएको आयोगले जनाएको छ। मतदान प्रविधिमैत्री हुन नसकेका कारण विदेशमा रहेका तथा आफ्नो मतदाता नामावली भएको जिल्लाभन्दा अन्य जिल्लामा रहेका मतदाता मतदानबाट वञ्चित भएको देखिएको आयोगले उल्लेख गरेको छ। उच्च सुरक्षा सतर्कता र मतदानस्थलको चुस्त व्यवस्थापनका कारण निर्वाध र शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न भएको पाइएको ठहर गर्दै आयोगले मानवअधिकारको दृष्टिमा मतदान प्रक्रिया सन्तोषजनक देखिएको स्पष्ट पारेको छ। निर्वाचन सम्पन्न गराउन भूमिका खेल्ने नेपाल सरकार, निर्वाचन आयोग, सुरक्षा निकाय, राष्ट्रसेवक कर्मचारी तथा सम्पूर्ण मतदातालाई आयोगले धन्यवाद प्रवक्ता टीकाराम पोखरेलले जानकारी दिनुभयो।



मतपेटिका संकलनः गोरखाको चुमनुब्री गाउँपालिका-७, छेकम मतदान केन्द्रबाट मतपेटिका सङ्कलन गर्दै नेपाली सेनाको हेलिकप्टर। उत्तरी गोरखाको २३ वटा मतदान केन्द्रहरुमा हेलीमार्फत् मतपेटिका सङ्कलन गरिने मुख्य निर्वाचन अधिकृतको कार्यालय गोरखाले जनाएको छ। तस्बिरः प्रतीक्षा आले/रासस

# कास्कीका ३ वटै निर्वाचन क्षेत्रमा रास्वपाको अग्रता

**पोखरापत्र संवाददाता**
पोखरा, २२ फागुन

कास्कीमा पनि प्रतिनिधि सभा सदस्यको निर्वाचन अन्तर्गत तीनवटै निर्वाचन क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवारहरूले अग्रता कायम गर्नु भएको छ।

पछिल्लो मतगणनाको नतिजाले एमालेको प्रभाव बलियो मानिने कास्कीमा रास्वपाको उदय हुँदै गएको संकेत दिएको छ। पछिल्लो मतपरिणाम अनुसार कास्की-१ मा ११ हजार ८०५ मत गणना हुँदा रास्वपाका गणेश पौडेलले ५ हजार ६५ मतसहित अग्रता कायम गर्नु भएको छ। उहाँका निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका बैनबहादुर क्षेत्रीले ३ हजार ९८ मत प्राप्त गर्दा नेपाली काँग्रेसका तिलक रानाभाटले २ हजार ६११ मत प्राप्त गर्नु भएको छ। अन्य दलमध्ये नेकपा (एकीकृत समाजवादी) का राजकाजी गुरुङले २७६ मत प्राप्त गर्नु भएको छ भने ४७९ मत बदर भएको निर्वाचन कार्यालयले जनाएको छ। कास्की-२ मा पनि रास्वपाकै उम्मेदवार उत्तम पौडेल अग्रस्थानमा रहनु भएको छ। सिंचाइँ कार्यालयमा भइरहेको मतगणनामा १७ हजार ५४० मत गणना हुँदा उहाँले १० हजार ३७ मत प्राप्त गर्नु भएको हो। नेकपा एमालेका रश्मि आचार्यले ३ हजार ६२६ मतसहित दोस्रो स्थानमा रहेका छन भने नेपाली काँग्रेसका माधवप्रसाद बाँस्तोलाले १ हजार ८७३ मत पाउदा नेकपा (एकीकृत समाजवादी) का हेमबहादुर थापा(किरण) ले ६०० मत ल्याउनु भयो। जसमध्य ६९७ मत बदर भएको छ।

यस्तै कास्की-३ मा पनि रास्वपाकी उम्मेदवार बिना गुरुङले अग्रता कायम गर्नु भएको छ। कास्कीको मुख्य निर्वाचन अधिकृतको कार्यालयमा भइरहेको मतगणनामा १५ हजार १४९ मत गणना हुँदा उहाँले ७ हजार ५९१ मत प्राप्त गर्नु भएको छ। नेपाली काँग्रेसका मनोज गुरुङले ३ हजार ६८५ मत ल्याउदा नेकपा एमालेका दामोदर बैरागीले २ हजार १९५ मत प्राप्त गर्नुभयो।

नेकपा का गोपाल गिरीले ३५९, राष्ट्रिय प्रजातन्त्र पार्टीका अर्जुनप्रसाद खनालले ३७१ मत प्राप्त गर्नुभयो। सो क्षेत्रमा ६७५ मत बदर भएको छ। यसअघि एमालेको बलियो प्रभाव मानिने कास्कीका तीनवटै क्षेत्रमा पछिल्लो मतपरिणामले भने रास्वपाले बलियो उपस्थिति देखाउँदै अग्रता कायम गरेको देखिएको छ। मतगणना यही अनुपातमा अघि बढेमा कास्कीका तीनवटै निर्वाचन क्षेत्रमा रास्वपाले जित हासिल गर्ने सम्भावना बलियो देखिएको छ। कास्की १ मा १ लाख १६ हजार ८ सय ७८ मतदाता रहेकोमा ७० हजार २ सय ३६ मत खसेको थियो। कास्की २ मा ८४ हजार १ सय ३४ जना मतदाता रहेकोमा ६२.९० प्रतिशतले ५२ हजार ९ सय १९ जनाले मतदान गर्नु भएको थियो। कास्की ३ मा १ लख ७ हजार ५ सय ६० मतदाता रहेमा ६०.८१ प्रतिशतले ६५ हजार ४ सय ७ मत खसेको थियो। कास्कीमा समग्र ३ लाख ८ हजार ५ सय ७२ जना मतदाता रहेकोमा ६१.११ प्रतिशतले १ लाख ८८ हजार ५२ मतदाताले मतदान गर्नु भएको प्रदेश निर्वाचन कार्यादयका सूचना अधिकारी रुद्रनाथ न्यौपानेले बताउनु भयो। कास्कीका ३ छुट्टटा छुट्टै ठाँउमा पहिला प्रत्यक्ष तर्फको मत गणना हुन साथ समानुपतिाक तर्फको मतगणाना सुरु हुने भएको कास्कीका मुख्य निर्वाचन अधिकृत हिमलाल बेल्बासेले जनाउनु भयो।

# तनहुँमा ५१.७४ प्रतिशत मतदान

**पोखरापत्र संवाददाता**
दमौली, २२ फागुन

प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत तनहुँमा ५१.७४ प्रतिशत मत खसेको छ। जिल्लामा बिहीबार शान्तिपूर्ण रूपमा मतदान सम्पन्न भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।

जिल्ला निर्वाचन अधिकारी विकास लम्सालले दुई निर्वाचन क्षेत्र रहेको तनहुँमा एक लाख ३१ हजार ६२० जनाले मतदान गरेको जानकारी दिनुभयो। लम्सालका अनुसार ७१ हजार ३६९ महिला र ६० हजार २५१ जना पुरुषले मतदान गरेका छन्।

विसं २०७९ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा तनहुँमा ५५ प्रतिशत मत खसेको थियो। तनहुँ क्षेत्र नं १ अन्तर्गतका मतदान केन्द्रको मतपेटिका मुख्य निर्वाचन अधिकृतको कार्यालय दमौलीमा र क्षेत्र नं २ अन्तर्गतका मतदान केन्द्रको मतपेटिका निर्वाचन अधिकृतको कार्यालय दुलेगौडामा सङ्कलन भइरहेको छ। क्षेत्र नं १ को मतगणना मुख्य निर्वाचन अधिकृतको कार्यालयमा र क्षेत्र नं २ को मतगणना निर्वाचन अधिकृतको कार्यालयमा गरिनेछ।

सबै मतपेटिका आइसकेपछि सर्वदलीय बैठक बसेर मतगणना सुरु गरिने मुख्य निर्वाचन अधिकृत विष्णुप्रसाद उपाध्यायले राससलाई जानकारी दिनुभयो। तनहुँका दुवै निर्वाचन क्षेत्रमा गरी २७ उम्मेदवार प्रतिस्पर्धामा हुनुहुन्छ। तनहुँ क्षेत्र नं १ मा १६ र क्षेत्र नं २ मा ११ जना उम्मेदवार चुनावी दौडमा हुनुहुन्छ। जिल्लामा १४४ मतदानस्थल र ३०९ मतदान केन्द्र छन्। क्षेत्र नं १ मा ६९ मतदानस्थल र १५३ मतदान केन्द्र तथा क्षेत्र नं २ मा ७५ मतदानस्थल र १५६ मतदान केन्द्र रहेका छन्।

निर्वाचनका लागि तनहुँमा दुई लाख ५४ हजार ३९७ मतदाता थिए। त्यसमध्ये पुरुषको सङ्ख्या एक लाख २३ हजार ४९१ र महिलाको सङ्ख्या एक लाख ३० हजार ९०६ जना रहेको छ।

दुई प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेको यहाँ तनहुँ क्षेत्र नं १ तर्फ एक लाख २६ हजार ८८२ र र क्षेत्र नं २ तर्फ एक लाख २७ हजार ५१५ मतदाता कायम भएका छन्। क्षेत्र नं १ मा पुरुषको सङ्ख्या ६१ हजार ७७८ र महिलाको सङ्ख्या ६५ हजार १०४ रहेको छ। क्षेत्र नं २ मा पुरुषको सङ्ख्या ६१ हजार ७१३ र महिलाको सङ्ख्या ६५ हजार ८०२ रहेको छ।

# नि:स्वार्थ र निष्ठा राखेर काम गरे फत्ते हुन्छः प्रधानमन्त्री कार्की

**रासस**
काठमाडौं, २२ फागुन

प्रधानमन्त्री सुशीला कार्कीले नि:स्वार्स्थ र निष्ठा राखेर काम गरे फत्ते हुन्छ भन्ने विश्वासका साथ आफूले काम गरेको बताउनुभएको छ।

प्रतिनिधिसभाको निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न भएपछि प्रधानमन्त्री कार्कीले भन्नुभयो, "असहज र अनिश्चयपूर्ण अवस्थामा हामिले जिम्मेवारी सम्हालेका थियौं। तर पनि हामीलाई आत्मविश्वास थियो काम गर्न सक्छौं भन्ने, लगनशीलता भएमा कुनै कुरामा लागिपरे सम्भव हुने रहेछ, चुनौती भए पनि हामी आफ्नो जिम्मेवारी अनुकूलको काम गर्दै गयौं।"

प्रधानमन्त्री कार्कीले चुनौती र बाधा अवरोध धेरै भएको तथा मुख्य चुनौती सुरक्षाको भएको उल्लेख गर्दै एकीकृत निर्वाचन सुरक्षा योजना अनुसार काम गरेको बताउनुभयो। "त्यो प्रभावकारी पनि भयो, सफलतासाथ शान्ति कायम गर्न सम्भव भयो। नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग र गृह प्रशासन सबैका बीचमा समन्वय पनि राम्रोसँग भयो। सबैले एउटै राष्ट्रिय भावनाका साथ काम गर्नुभयो, उहाँहरु सबै धन्यवादका पात्र हुनुहुन्छ। सहिद परिवार तथा घाइते योद्धाहरुको संयम र समझदारीलाई पनि यहाँनिर बिर्सन मिल्दैन। उहाँहरुप्रति उच्च सम्मान छ, उहाँले भन्नुभयो।

प्रधानमन्त्री कार्कीले सरकारमाथि विभिन्न प्रकारले आक्रमण र बाधा अवरोध भए पनि त्यसबाट विचलित नभएको उल्लेख गर्दै भन्नुभयो, "जति अवरोध भए पनि हामीले बाटो छाडेनौं।" धेरै चुनौतीको सामना गर्नुपरेको जिकिर गर्दै प्रधानमन्त्री कार्कीले भन्नुभयो, "हामीलाई दलहरुले नै अयोग्य भनेकै हुन्, जेनजीका केही व्यक्तिले पनि औंला उठाएकै हुन, तर हामी मुलुकमा शान्ति कायम गर्ने उद्देश्यमा लाग्यौं।" प्रधानमन्त्री कार्कीले रक्तपात नहोस्, कुनै अप्रिय घटना नहोस् र शान्त र अनुशासित रुपमा निर्वाचन होस् भन्ने लागेको उल्लेख गर्दै भन्नुभयो, "सभ्य हिसाबमा होस् भन्ने थियो। चुनावमा हिंसा हुनुहुँदैन भन्ने पहिलो दिनबाटै भनेको हो। हाम्रो प्रयास नै त्यसैमा रह्यो। कसले के भन्छ भनेर हामीले त्यस्ता कुरा सुन्दै सुनेनौं। हामीले काम मात्र सोच्यौं। हामीले हाम्रा लागि गरेका पनि होइनौं। मुलुक र जनताका लागि गरेका हौं। सिङ्गो मुलुकको साथ पनि पाइयो।"

निर्वाचन गराउने सन्दर्भमा अझै केही राम्रो गर्न सकेको भए हुन्थ्यो भन्ने लागेको प्रधानमन्त्री कार्कीले उल्लेख गनुभयो। उहाँले भन्नुभयो, "खर्चमा मितव्ययिता अपनायौं। अझै कम गर्न सकिन्थ्यो। तर भदौ २३ र २४ गतेको घटनाका कारण धेरै साधन नयाँ किन्नुपर्‍यो। तैपनि यो निर्वाचन निकै नै सभ्य अनि अनुशासित रुपमा सम्पन्न भएको छ।" मुलुकका समस्याको समाधानमा इमानदार प्रयासको आवश्यकता औंल्याउँदै प्रधानमन्त्री कार्कीले जेनजीले उठाएका माग सम्बोधन गर्नुपर्नेमा जोड दिनुभयो। "जस्तो कि देशमा सुशासन होस्, स्वदेशमै बस्न पाइयोस्। यहीं काम पाइयोस्। भ्रष्टाचार, विभेद र पक्षपात नहोस्। विदेशमा लास बनेर फर्किनुपर्ने अवस्थाको अन्त्य होस्। देशभित्रै गुणस्तरीय शिक्षा पढ्न पाउन् युवाले।

संविधानसम्मत मौलिक हकको अक्षरशः पालना होस्। हामीले के गर्न खोजेका थियौं, के सम्भव भयो, के अधुरो रह्यो र के काम के कारणले सम्भव हुन सकेन भन्ने विषयमा श्वेतपत्र नै छाडेर जान्छौं। ताकि आगामी सरकारलाई मार्गदर्शन होस्", उहाँले भन्नुभयो। प्रधानमन्त्री कार्कीले गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगले प्रतिवेदन बुझाउनासाथ कार्यान्वयन हुने बताउनुभयो। "मैले भन्दै आएकी छु, मुलुकमा कुनै पनि प्रकारको दण्डहीनताले ठाउँ पाउनु हुँदैन। त्यसैले अहिलेको आयोगको मात्र होइन, अरु पनि त्यस्ता प्रतिवेदन छन् भने ती हेर्छौं र सार्वजनिक गरिदिन्छौं। ताकि जनताले थाहा पाउँछन्", उहाँले भन्नुभयो।

# हिमाली क्षेत्रका तीन जिल्लाको मतपत्र ढुवानी हुन बाँकी

**रासस**
काठमाडौं, २२ फागुन

बिहीबार मतदान भई हेलिकप्टरबाट मतपत्र ढुवानी गर्नुपर्ने हिमाली क्षेत्रका १५ जिल्लामध्ये तीन जिल्लाको ढुवानी हुन बाँकी रहेको निर्वाचन आयोगले जनाएको छ।

खराब मौसमका कारण अहिलेसम्म सङ्खुवासभा, डोल्पा र गोरखा गरी तीन जिल्लाको मतपत्र ढुवानी हुन बाँकी रहेको हो। तीन जिल्लाका हिमाली भेगका मतदान केन्द्रका मतपत्र हेलिकप्टरबाट ढुवानी गर्नुपर्नेमा बिहीबार बेलुकीदेखि नै मौसमका कारण सम्भव हुन नसकेको जानकारी प्राप्त भएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले राससलाई बताउनुभयो। मौसमले साथ दिएसम्म तीनवटै जिल्लाको मतपत्र आजै निर्वाचन अधिकृतको कार्यालयमा लैजाने गरी तयारी भइरहेको छ।

मतपत्र ढुवानी भइसकेपछि तीनैवटा जिल्लाको मतगणना सुरु हुनेछ। यसैगरी, रसुवा, दोलखा, रुकुम (पूर्वी भाग), बाजुरा, बझाङ, हुम्ला, ताप्लेजुङ, मनाङ, मुस्ताङ, रुकुम (पश्चिमी भाग), सोलुखुम्बु र मुगुका हिमाली भेगका मतदान केन्द्रका मतपत्र भने जिल्ला निर्वाचन अधिकृतको कार्यालयमा लगी सकिएको पनि उहाँले जानकारी दिनुभयो।

# शान्तिपूर्ण निर्वाचनका लागि अमेरिकाद्वारा बधाई

**रासस**
काठमाडौं, २२ फागुन

नेपालमा प्रतिनिधिसभा सदस्यको निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भएकामा अमेरिकाले बधाई दिएको छ। नेपालस्थित अमेरिकी दूतावासले आज सामाजिक सञ्जाल एक्समार्फ निर्वाचन सम्पन्न भएकामा बधाई दिएको हो।

दूतावासले भनेको छ, "अमेरिकाले आगामी सरकारसँग दुवै देशको समृद्धि र सुरक्षासम्बन्धी साझा लक्ष्यहरूमा सहकार्य गर्न उत्सुक रहेको छ।" जेनजी आन्दोलनपछिको विशेष परिस्थितिमा हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचन सम्पन्न भएको छ। आज सम्पन्न निर्वाचन ६० प्रतिशत मत खसेको आयोगले जनाएको छ। अहिले मतपेटिका गणनास्थलमा सार्ने काम भइरहेको छ। केही स्थानमा आजै रातिदेखि गणना गर्ने तयारी रहेको छ।

मुलुकका ७७ वटै जिल्लामा बिहान ७:०० देखि अपराह्न ५:०० बजेसम्म एकै चरणमा मतदान हुनेछ। पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (प्रत्यक्ष)तर्फ ६१ वटा निर्वाचन चिह्नमा ६५ वटा राजनीतिक दलले प्रतिस्पर्धा गरेका छन्। प्रत्यक्षतर्फ तीन हजार १७ पुरुष, ३८८ महिला र एक अन्य गरी तीन हजार ४०६ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्।

मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेपछि भएको प्रतिनिधिसभाको यो तेस्रो निर्वाचन हो। यसअघि २०७४ र २०७९ सालमा प्रतिनिधिसभा सदस्य निर्वाचन भएको थियो। निर्वाचनमा सामानुपातिक निर्वाचन प्रणालीतर्फ एक हजार ३६३ पुरुष र एक हजार ७७२ महिला गरी तीन हजार १३५ उम्मेदवार प्रतिस्पर्धामा छन्। प्रत्यक्षतर्फ १६५ निर्वाचन क्षेत्र र समानुपातिकतर्फ ११० स्थानका लागि निर्वाचन भएको छ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# सौन्दर्यकरणका लागि गलेश्वरको सडकमा 'स्लेट' ढुङ्गा बिछ्याउन सुरु

पोखरापत्र संवाददाता
म्याग्दी, २२ फागुन

बेनी नगरपालिका–९ स्थित म्याग्दीको प्रमुख धार्मिक पर्यटकीयस्थल गलेश्वरको बजारभित्रको सडकमा ढुङ्गाको स्ल्याप बिछ्याउन थालिएको छ।

हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूको साझा तीर्थस्थल मुस्ताङको मुक्तिनाथ प्रवेशद्वार मानिने गलेश्वरको बजारभित्रको सडक र पदमार्गलाई मौलिक, व्यवस्थित र सुन्दर बनाई पर्यटक र भक्तजन आकर्षित गर्न सौन्दर्यकरण योजना सञ्चालन भएको हो।

रु ६४ लाख सात हजार लागत अनुमान गरिएको गलेश्वर बजार सौन्दर्यकरण योजना निर्माणका लागि गत मङ्सिर महिनामा रिभर इडेग इन्जिनियरिङ एण्ड बिल्डर्सले रु ४८ लाख ७४ हजार २७७ मा ठेक्का सम्झौता गरेको थियो। योजनामार्फत गलेश्वर मन्दिरको प्रवेशद्वारदेखि बसपार्कतर्फ ढुङ्गा बिछ्याउने काम सुरु भएको बेनी नगरपालिका–९ का वडाध्यक्ष चक्र केसीले जानकारी दिनुभयो। गलेश्वर बजार सौन्दर्यकरण योजना बेनी नगरपालिकाको गौरवको आयोजना हो। गलेश्वर शिवालय क्षेत्र विकास कोष र बेनी नगरपालिकाको लागत साझेदारीमा गतवर्षदेखि सुरु भएको यो योजनाले चालु आर्थिक वर्षमा पनि निरन्तरता पाएको छ।

यस वर्ष दुई ९५ मिटर दूरी सडकमा एक हजार सात सय १८ दशमलव पाँच घनमिटर 'स्लेट' ढुङ्गा बिछ्याउने र ३० मिटर लामो नाली निर्माण हुने बेनी नगरपालिकाका सव इन्जिनियर मिलन केसीले बताउनुभयो। गत वर्ष गलेश्वर प्रवेशद्वारदेखि मन्दिरतर्फ १०६ मिटर दूरीमा सात हजार १०० घनमिटर ढुङ्गा बिछ्याउनुका साथै ५३ घनमिटर पर्खाल र २० मिटर पलम नाली निर्माण भएको छ।

सडकलाई सम्माउने, नाली र पर्खाल बनाएर भुईंमा ढलान र कालोपत्रको विकल्पमा दुई इन्च बाक्लो 'कटिङ' ढुङ्गा बिछ्याएर सिमेन्टले जमाउने काम भैरहेको छ। मुक्तिनाथ र मुस्ताङ जाने आउने पर्यटक तथा भक्तजनलाई गलेश्वरमा भित्र्याउने र उनिहरूको बसाई लम्बाउने उद्देश्यले सुरु गरिएको सौन्दर्यकरणको योजनालाई निरन्तरता दिने वडाध्यक्ष केसीले बताउनुभयो। गलेश्वर बजारभित्रको सडकमा ढुङ्गा बिछ्याएपछि सार्वजनिक यातायातका साधन बजार बाहिरको कालीगण्डकी कोरिडोरको सडकबाट मात्र आवतजावतको व्यवस्था मिलाइने उहाँले बताउनुभयो। भुईंमा बिछ्याइने ढुङ्गामा असर नपर्ने गरे बजारभित्र निर्माण सामग्री र उपभोग्य सामग्री आपूर्तिका सवार साधन सञ्चालन गर्न मिल्ने गरी संरचनाको ढाँचा गरिएको छ।

कालीगण्डकी नदी किनारमा नौ रोपनी क्षेत्रफलको एउटै विशाल चट्टानमाथि रहेको गलेश्वर मन्दिरमा पूजाआजा र दर्शन गर्नाले मनोकांक्षा पूरा हुने र पुण्य मिल्ने धार्मिक विश्वास छ। हिन्दूधर्म ग्रन्थमा सतिदेवीको गला पतन भएर गलेश्वर नाम रहन गएको उल्लेख गरिएको यस मन्दिरमा साउन महिनाको सोमबार, बालाचर्तुदशी र शिवरात्रि पर्वमा विशेष मेला लाग्ने छ। दैनिक नित्य पूजाआजा हुने गर्छ।

# जैमिनीमा कृषि सङ्कलन केन्द्र निर्माण

पोखरापत्र संवाददाता
बागलुङ, २२ फागुन

स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउने उद्देश्यले जैमिनी नगरपालिका–३ दमेकमा कृषि सङ्कलन केन्द्र निर्माण गरिएको छ। जैमिनी–३ को रु तीन लाख १२ हजार लागतमा कृषि सङ्कलन केन्द्र निर्माण गरिएको हो।

दमेकमा उत्पादन हुने आलु, भाँगो, जडीबुटीलगायत सामग्री सङ्कलन, बजारीकरण गर्नेलगायत उद्देश्यले भवन निर्माण गरिएको वडाध्यक्ष कृष्णबहादुर भुजेलले जानकारी दिनुभयो। "हाम्रो उद्देश्य यहाँको स्थानीय उत्पादन सङ्कलन गरी बजारीकरणसँगै प्रवर्द्धन गर्ने हो। वडा नं ३ मा उत्पादित सामग्री यहाँ सङ्कलन गरिन्छ, त्यसपछि जैमिनी नगरपालिकाको कृषि एम्बुलेन्समा राखेर बिक्री गर्न पठाइन्छ", उहाँले भन्नुभयो, "कृषि सामग्री सङ्कलनका लागि घरघर जान नपरोस् भन्ने उद्देश्यले यो काम थालेका छौँ।"

यसअघि कृषि सङ्कलन केन्द्र नहुँदा कृषि उत्पादनले बजार पाउन नसकेका बताउँदै उहाँले किसानलाई बिक्रीका लागि असहज हुँदै आएकामा अब समस्या समाधान हुने विश्वास व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "अब यसले यहाँका हरेक कृषकलाई आम्दानीसँग जोड्न सहयोग गर्नेछ।" स्थानीय भैरवप्रसाद सापकोटाले यहाँ सङ्कलन केन्द्र अतिआवश्यक रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "किसानलाई आम्दानीसँगै जोड्न तथा कृषि उत्पादनको बजारीकरणसँगै प्रवर्द्धनका लागि पनि आवश्यक थियो। ठिक ठाउँ र समयमा केन्द्र निर्माण गरी सञ्चालनमा आएपछि किसान प्रत्यक्ष रूपमा लाभान्वित हुनेछन्।"

कृषि पेसा गर्दै आउनुभएका उहाँले गाउँमा सडक, यातायातको पहुँच विस्तार भएसँगै कृषि उत्पादनमा प्रगति भइरहेको भन्दै केन्द्रले बजारीकरणमा सघाउने विश्वास व्यक्त गर्नुभयो। "हामीले उत्पादन गरेका वस्तु सङ्कलन गर्ने छौँ, त्यसपछि गाडीमार्फत बजारसम्म लगिने छ", उहाँले भन्नुभयो। उहाँका अनुसार यहाँ सबैभन्दा बढी आलु र भाँगो उत्पादन हुन्छ।

# आइटिबीमा पर्यटन सम्भावनालाई विश्वसामु पुनःस्थापना गर्ने नेपालको प्रतिबद्धता

रासस
काठमाडौँ, २२ फागुन

नेपालले जर्मनीमा आयोजित विश्वको अग्रणी ट्राभल ट्रेड शो आइटिबी (इन्टरनेसनल टुरिजम् एक्सचेन्ज), बर्लिनमा सहभागिता जनाएको छ।

यही मार्च ३ तारिखदेखि सुरु भई ५ तारिखसम्म जारी रहने आइटिबी बर्लिनमा नेपालको सहभागिता व्यापारिक उपस्थिति मात्र नभई विश्व पर्यटन बजारमा नेपालको सम्भावनालाई पुनःस्थापित गर्ने रणनीतिक प्रयास भएको पर्यटन बोर्डका वरिष्ठ अधिकृत रोविन रेग्मीले बताउनुभयो।

हिमालयका रोमाञ्चक ट्रेकिङ पदमार्गदेखि प्राचीन मन्दिरहरूको सम्पदा, शान्त परिवेश, विविध सांस्कृतिक तथा धार्मिक परम्परा, अनुपम प्राकृतिक सौन्दर्यलगायत अनुभवलाई अन्तर्राष्ट्रिय बजारमा प्रभावकारी रूपमा प्रवर्द्धन गर्ने लक्ष्य बोर्डले अघि सारेको उहाँले जानकारी दिनुभयो। बर्लिनस्थित नेपाली दूतावासका कार्यवाहक प्रमुख सागर फुयाँलले नेपाल प्याभिलियनको उद्घाटन र अवलोकन गर्नुभएको थियो। कार्यक्रममा बोर्डका वरिष्ठ अधिकृत रेग्मी, सिर्जना नेपाली र शिवराज पाण्डे उपस्थित थियो।

बोर्डका वरिष्ठ अधिकृत रेग्मीले भन्नुभयो, "आइटिबी बर्लिनमा नेपालको सहभागिता अन्तर्राष्ट्रिय साझेदारहरूसँग सम्बन्ध विस्तार गर्ने अवसर मात्र होइन, नेपालको पर्यटन सम्भावनालाई विश्वसामु पुनःप्रस्तुत गर्ने प्रतिबद्धता पनि हो। चुनौतीका बाबजुत नेपाललाई 'धुम्नैपर्ने गन्तव्य'का रूपमा स्थापित गर्न हामी लागिरहेका छौँ।" उहाँका अनुसार नेपाल अब केवल हिमाल आरोहण वा ट्रेकिङमा सीमित गन्तव्य नभई बहुआयामिक अनुभव प्रदान गर्ने समग्र पर्यटन गन्तव्यका रूपमा उभिएको छ। प्याराग्लाइडिङ, बन्जीजम्प, राफ्टिङ, माउन्टेन बाइकिङलगायत साहसिक खेलकुदसँगै ऐतिहासिक दरबार क्षेत्र, प्राचीन मन्दिर, बौद्ध स्तूप र जीवित सांस्कृतिक सम्पदाको अवलोकन गर्न सकिने अवसर नेपालमा उपलब्ध छन्।

साथै योग ध्यान, आयुर्वेदिक उपचार तथा प्राकृतिक परिवेशमा सञ्चालन हुने 'वेलनेस रिट्रिट'हरूले मानसिक तथा शारीरिक सन्तुलन खोज्ने पर्यटकलाई आकर्षित गरिरहेका रेग्मीले उल्लेख गर्नुभयो। समुदायमा आधारित होमस्टे, वातावरणमैत्री रिसोर्ट तथा स्थानीय उत्पादनमा आधारित सेवाले नेपालको पर्यटनलाई दिगो र समावेशी बनाउने प्रयासलाई थप सुदृढ बनाएको उहाँको भनाइ छ। विश्व बजारमा प्रतिस्पर्धा तीव्र भइरहेका बेला नेपालले आफ्नो मौलिकता, प्राकृतिक सम्पदा र आत्मीय आतिथ्यलाई बलियो ब्रान्डका रूपमा स्थापित गर्न खोजिरहेको वरिष्ठ अधिकृत रेग्मीले बताउनुभयो। एकै गन्तव्य, अनेक अनुभवको अवधारणामार्फत अन्तर्राष्ट्रिय यात्रुलाई साहसिकता, आध्यात्मिक शान्ति र सांस्कृतिक गहिराइको समग्र अनुभव दिने दीर्घकालीन रणनीति बोर्डले अघि बढाएको जनाएको छ। आइटिबी बर्लिनमा २५ वटा नेपाली कम्पनीहरूको सहभागितामार्फत अन्तर्राष्ट्रिय ट्राभल एजेन्सी, उद्योग व्यवसायी तथा सञ्चारमाध्यमसँग नयाँ साझेदारी विस्तार गर्ने र नेपालको पर्यटन क्षेत्रका लागि थप अवसर सिर्जना गर्ने बोर्डको अपेक्षा छ। नेपालले विश्वभरका यात्रुलाई आफ्नो अतुलनीय सौन्दर्य, समृद्ध संस्कृति र आत्मीय आतिथ्य अनुभवका लागि नेपाल घुम्न आउन पनि बोर्ड सबैलाई आह्वान गरेको छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : सत्कार मिल्नेछ |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : आर्थिक समस्या | धनु | : शारीरिक झमेला |
| कर्कट | : शत्रुको भय | मकर | : मानसिक तनाव |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : व्यापारमा लाभ |
| कन्या | : कार्यमा सफलता | मीन | : झमेला बढ्ने |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# हात्तीको आक्रमणमा एक जनाको मृत्यु

रासस
काठमाडौँ, २२ फागुन

बेलबारी नगरपालिका–१० स्थित सिर्जना सामुदायिक वन क्षेत्रमा जङ्गली हात्तीको आक्रमणबाट एक जनाको मृत्यु भएको छ।

बेलबारीस्थित इलाका प्रहरी कार्यालय प्रमुख राजिव गिरीका अनुसार बेलबारी नगरपालिका–११ धार्मिक चोक निवासी ४५ वर्षीय विष्णु तामाङको हात्तीको आक्रमणमा ज्यान गएको हो। बिहीबार साँझ घाँसदाउरा लिएर जङ्गलबाट फर्कने क्रममा तामाङलाई हात्तीले आक्रमण गरेको हो।

घटनापछि आफन्त साथै स्थानीयले खोजी गर्ने क्रममा बेलबारी नगरपालिका–१० स्थित पूर्व–पश्चिम राजमार्गबाट करिब दुई किलोमिटरभित्र पर्ने सिर्जना सामुदायिक वन क्षेत्रमा तामाङको शव फेला परेको प्रहरी प्रमुख गिरीले बताउनुभयो।

# बागलुङमा ९७ हजार मत खस्यो

पोखरापत्र संवाददाता
पोखरा, २२ फागुन

बागलुङमा शान्तिपूर्ण ढङ्गले मतदान सम्पन्न भएको छ। बिहान ७:०० बजेदेखि सुरु भएको मतदान साँझ ५:०० बजे सम्पन्न भएको छ।

जिल्लामा ५०.१९ प्रतिशत मत खसेको छ। जिल्लाभर ९७ हजार ५० मत खसेको बागलुङका सहायक प्रमुख जिल्ला अधिकारी तथा अनुगमन अधिकृत नवराज बरालले जानकारी दिनुभयो। कुल मतदातामध्ये ५२ हजार ८८१ महिला र ४४ हजार १६८ पुरुष र एक अन्य गरी ९७ हजार ५० मत खसेको बरालले जानकारी दिनुभयो। दश स्थानीय तह रहेको बागलुङमा अहिले मतपेटिका सङ्कलन भइरहेको छ। बागलुङमा १३० मतदान केन्द्रबाट एक लाख ९३ हजार ३८१ जना मतदाता रहेका थिए।

जिल्लाका सबै मतदान केन्द्रमा शान्तिपूर्ण रूपमा मतदान सम्पन्न भएको मुख्य निर्वाचन अधिकृत सीता शर्मा अधिकारीले जानकारी दिनुभयो। जिल्ला कारागार र जिल्ला समन्वय समितिमा अस्थायी मतदान केन्द्र राखिएको छ। बागलुङ कारागारमा ५५ मतदातामध्ये ५३ जनाले मतदान गरेका थिए।

दुई निर्वाचन क्षेत्र रहेको बागलुङमा २३ उम्मेदवार चुनावी मैदानमा थिए। मतदानमा कुनै पनि अप्रिय घटना नघटेको मुख्य निर्वाचन कार्यालयले जनाएको छ।

# लमजुङमा ५४.७६ प्रतिशत मत खस्यो

पोखरापत्र संवाददाता
लमजुङ, २२ फागुन

प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत बिहीबार भएको निर्वाचनमा ५४.७६ प्रतिशत मत खसेको छ। जिल्ला निर्वाचन कार्यालय लमजुङका प्रमुख यादवराज आचार्यका अनुसार मतदाता एक लाख ३७ हजार १२४ मतदाता रहेकामा ७५ हजार ८५ मत खसेको प्रारम्भिक जानकारी छ।

जसमा ३८ हजार ८५६ महिला र ३६ हजार २२९ पुरुष मतदाताको मत खसेको छ। चार नगरपालिका र चार गाउँपालिका गरी आठ स्थानीय तह रहेको जिल्लामा एकमात्र सङ्घीय निर्वाचन क्षेत्र रहेको छ। यसअघि भएको सङ्घीय प्रतिनिधि तथा प्रदेश सदस्य निर्वाचन २०७९ मा रहेको ६०.५८ प्रतिशत मत खसेको थियो। सो बेलामा जिल्लामा एक लाख ३३ हजार ५५९ मतदाता रहेका थिए। हालको निर्वाचनमा १३० मतदानस्थल तथा १९२ मतदान केन्द्र रहेको थियो।

# म्याग्दीमा ५४.२ प्रतिशत मत खस्यो

पोखरापत्र संवाददाता
म्याग्दी, २२ फागुन

बिहीबार भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा म्याग्दीमा ५४.२ प्रतिशत मत खसेको छ।

८६ हजार ३९७ मध्ये ४६ हजार ८९३ मत खसेको प्रारम्भिक विवरण प्राप्त भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। जिल्ला निर्वाचन अधिकारी बिमल गौतमका अनुसार २५ हजार ११८ जना महिला, २१ हजार ७७४ जना पुरुष र एक जना यौनिक अल्पसङ्ख्यकले मतदान गरेका छन्।

म्याग्दीका छवटा स्थानीय तहका ४५ वटा वडामा रहेका १२० वटा स्थायी र दुईवटा अस्थायी मतदान केन्द्रमा शान्तिपूर्ण वातावरणमा मतदान भएको प्रमुख जिल्ला अधिकारी खीन्द्र आचार्यले जानकारी दिनुभयो।

मतदानस्थलबाट बेनीस्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयमा धवलागिरि गाउँपालिका–१ गुर्जाको एकवटा बाहेकको मतपेटिका सङ्कलन भइसकेको छ। आज बिहान ७:०० बजे सर्वदलीय बैठक बसेर मतगणना सुरु गर्ने तयारी भएको प्रजिअ आचार्यले जानकारी दिनुभयो। जिल्ला समन्वय समितिको भवनमा मतेपटिका सङ्कलन गरी समानुपातिक र प्रत्यक्षतर्फको दुईवटा कोठामा राजनीतिक दलका प्रतिनिधिहरूको उपस्थितिमा शिलबन्दी गरेर मतपेटिका भण्डारण गरिने भएको छ। मतेपटिका भण्डारण र मतगणनास्थलमा सिसीटिभी क्यामेरा जडान गरिएको छ। मतगणनास्थलमा ताजाली लगाएर ठाउँ बनाइएको छ। दुईवटा समूहमा मतगणना गरिने मुख्य निर्वाचन अधिकृत सूर्यबहादुर थापाले जानकारी दिनुभयो।

प्रतिनिधिसभामा एक निर्वाचन क्षेत्र रहेको म्याग्दीमा ११ जना राजनीतिक दल र एक जना स्वतन्त्र उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्। नेपाली कांग्रेसका कर्णबहादुर भण्डारी (केबी), नेकपा एमालेका हरिकृष्ण श्रेष्ठ, नेपाली कम्युनिष्ट पार्टीका अर्जुन थापा र स्वतन्त्र उम्मेदवार महावीर पुन मुख्य प्रतिस्पर्धीका रूपमा रहेका छन्।

# तनहुँका युवामा ब्याडमिन्टन खेलको आकर्षण बढ्दो

पोखरापत्र संवाददाता
तनहुँ, २२ फागुन

तनहुँका युवामा ब्याडमिन्टन खेलप्रति आकर्षण बढेको छ। तनहुँको सदरमुकाम दमौली, शुक्लागण्डकी नगरपालिकाको दुलेगौडा, खैरेनीटार, गाछेपानी, भिमाद नगरपालिकाको भिमाद बजार, म्यादे गाउँपालिकाको थर्पु, धयरेमा ब्याडमिन्टन खेलका लागि कभर्डहल बनेपछि युवाहरू यसतर्फ आकर्षित भएका हुन्।

नियमित रूपमा बिहानदेखि रातिसम्म फुर्सदको समयमा आफूलाई स्वस्थ र तन्दुरुस्त राख्नका लागि युवाहरू समूह मिलाएर ब्याडमिन्टन खेल्ने गर्दछन्। यस खेल युवाहरूको रुचिको पहिलो रोजाइ बनेको खेलाडीहरू बताउँछन्। युवाहरू चार जनाको जोडी मिलाएर खेल्न सकिने र छोटो समयमा धेरै पसिना आउने भएकाले यस खेलमा युवाहरूको आकर्षण बढेको प्रशिक्षक तथा खेलाडी विपीन घलेले बताउनुभयो।

जिल्लाका स्थानीय तहहरूले लगानी गरेर कभर्डहल निर्माण गरेपछि भित्र खेल्ने खेल भएकाले हावापानी, घाम तथा अन्य समयमा पनि खेल्न सहज भएको खेलाडी एवं व्यास नगरपालिकाका योजना शाखा प्रमुख भेषराज तिवारीले बताउनुभयो। व्यास नगरपालिका–१ निवासी प्रदीप न्यौपानेले कार्यालय समयबाहेकको समयमा फुर्सद मिलाएर नियमित रूपमा ब्याडमिन्टन खेल्ने गरेको बताउनुभयो।

ब्याडमिन्टन प्रतियोगितामा युवाको आकर्षण बढेपछि यहाँ प्रतियोगितासमेत हुने गरेका छन्। ब्याडमिन्टन प्रतियोगितामा धेरै टिमको सहभागिताले यस खेलमा आकर्षण बढेको पुष्टि हुने खेलाडी रामकृष्ण क्षेत्रीले बताउनुभयो।

म्यादे गाउँपालिकाले थर्पुमा म्याटसहितको र धयरेमा कभर्डहल निर्माण गरी खेललाई निरन्तरता दिएको म्यादे गाउँपालिका–४ का वडाध्यक्ष दीपककुमार श्रेष्ठले बताउनुभयो।

# म्याग्दीमा स्वतन्त्र उम्मेदवार पुनको अग्रता

पोखरापत्र संवाददाता
म्याग्दी, २२ फागुन

प्रतिनिधिसभा सदस्य निर्वाचनको जारी मत गणनामा म्याग्दीमा स्वतन्त्र उम्मेदवार महावीर पुनले फराकिलो मतान्तरसहित अग्रता लिनुभएको छ।

धवलागिरि र मालिका गाउँपालिकाको ११ हजार २०१ मत गणना गर्दा पुनले पाँच हजार ५०८ मतसहित अग्रता लिनुभएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। नेकपा (एमाले)का हरिकृष्ण श्रेष्ठले २७१, नेपाली कम्युनिष्ट पार्टीका अर्जुन थापाले एक हजार ६५६, नेपाली कांग्रेसका कर्णबहादुर भण्डारी (केबी) ले एक हजार ४९७ र राष्ट्रिय स्वतन्त्र पार्टीका युवराज रोकाले ३२० मत प्राप्त गर्नुभएको छ। मङ्गला गाउँपालिकाको मत गणना सुरु भएको छ।

बिहीबार भएको मतदानमा म्याग्दीमा ८६ हजार ३९७ जना मतदाता रहेकामा ४६ हजार २१५ मत खसेको थियो।

# मतदाता गाउँ फर्किएसँगै पर्यटकको आगमन पनि बढ्दै

पोखरापत्र संवाददाता
मनाङ, २२ फागुन

यहाँ मतदातासँगै पर्यटकको आगमन पनि बढ्दै गएको छ । प्रतिनिधिसभा सदस्य निर्वाचनमा आज मतदानका लागि आएका मतदातासँगै पर्यटकको चहलपहल बढ्न थालेको हो ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना कार्यालयका संरक्षण शिक्षा सहायक भुपेन्द्र गुरुङले प्रत्येक सवारीसाधनमा मतदातासँगै पर्यटकको आगमन बढ्दै गएको बताउनुभयो । “मतदाता फर्कन थालेसँगै पर्यटकको आगमन भइरहेको छ”, उहाँले भन्नुभयो, “दैनिक रूपमा ५०-६० पर्यटक आगमन भएको अभिलेख छ ।” बिस्तारै ‘सिजन’ पनि सुरुआत भएको र यस पटक निर्वाचन पनि भएकाले मतदातासँगै पर्यटकको आगमन भइरहेको गुरुङले बताउनुभयो । “पर्यटकका लागि बसोबास गर्ने तथा होटल सरसफाइ गर्न बाँकी हुँदै पर्यटकको आगमन बढ्न थालेको छ”, संरक्षण शिक्षा सहायक गुरुङले भन्नुभयो ।

यहाँ मौसम अनुकूल हुँदै गएका विदेशी पर्यटकको आगमन बढ्दै गएको उहाँले बताउनुभयो । यतिबेला होटल तथा बसोबासका लागि व्यवस्थापन सहज हुने र भीडभाड कम हुने भएकाले पनि विदेशी पर्यटकको आगमन भइरहेको गुरुङको भनाइ छ । जिल्लावासी मतदानका लागि आइसकेका र सुरक्षित तवरबाट निर्वाचन सम्पन्न गर्न सम्पूर्ण तयारी गरिएको प्रमुख जिल्ला अधिकारी नवराज पौड्यालले जानकारी दिनुभयो । उहाँले निर्वाचनको समय भएकाले सुरक्षा निकायको बढी प्राथमिकतामा निर्वाचन सम्पन्न गर्नुमा रहेकाले सचेत भएर यात्रा गर्न पर्यटकलाई सुझाव दिइएको बताउनुभयो ।

“पर्यटन यहाँको प्रमुख आयस्रोत भएकाले पर्यटकको र निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न गर्नुपर्ने दायित्वका कारण दुवै पक्षलाई ध्यान दिएर सुरक्षाको व्यवस्था गरिएको छ”, प्रजिअ पौड्यालले भन्नुभयो । मनाङ आउने अधिकांश पर्यटक तिलिचो ताल हुँदै थोराङ ला भञ्ज्याङ पार गरी मुस्ताङ निस्कन्छन् भने केही पर्यटक लार्केभञ्ज्याङ हुँदै मनास्लुतर्फ लाग्ने गर्दछन् । साथै, पर्यटकहरू अन्नपूर्ण पदमार्गमार्फत मनाङबाट थोराङला भञ्ज्याङ पार गरी मुस्ताङ हुँदै पोखरा पुग्ने गर्दछन् । हिमाल, पहाडका दृश्य, मनाङवासीको संस्कार, संस्कृति, रीतिरिवाज, प्राकृतिक सुन्दरता हेर्न यहाँ पर्यटकको आकर्षण र आगमन हुने गरेको छ ।

अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङ बेँसीसहर नगरपालिका-७ मनाङ्गे चौताराबाट पर्यटकले यात्राको सुरुआत गर्छन् । यस पदमार्गमा लमजुङसहित मनाङ, मुस्ताङ, म्याग्दी र कास्की गरी पाँचवटा जिल्ला जोडिएका छन् । विगतमा काठमाडौँदेखि बेँसीसहरसम्म सवारीसाधनमा आउने पर्यटक पछिल्लो समय सडक सञ्जालको सहजताले सवारीसाधनमा चामे, खाङ्सारसम्म पुग्ने गरेका छन् । त्यसपछि मात्रै मुख्य गन्तव्यतर्फ पदमार्गको यात्रा सुरु हुने गरेको छ ।

# भेटीबाट सङ्कलित रकमबाट बालगृहमा अक्षयकोष

पोखरापत्र संवाददाता
म्याग्दी, २२ फागुन



साहित्यकार सुरज उपाध्यायको परिवारले आफ्ना पिता शङ्कर उपाध्यायको निधन भएपछि सङ्कलित भेटीको रकमबाट बालगृहमा अक्षयकोष स्थापना गरेको छ ।

बुधवार स्याङ्जाको फेदीखोला गाउँपालिका-२, आरुखर्क, चनौटेमा १३ दिनको शुद्धाशुद्धिकै दिन पिताप्रति श्रद्धास्वरूप प्राप्त रकमबाट १ लाख १०१ रुपैयाँको अक्षयकोषका लागि रकम फेदीखोला-१ मा सञ्चालित अमोर सेवा नेपाल नामक बालगृहका लागि प्रदान गरिएको हो । साहित्यकार उपाध्यायसहित आमा रमादेवी सुवेदी, भाइहरू रेशम र सन्तोष उपाध्याय तथा बहिनी सङ्गीताले संयुक्त रूपमा सो बालगृहकी प्रबन्धक कमला पराजुलीलाई रकम हस्तान्तरण गरे । बुबाको सम्मानस्वरूप प्राप्त रकम पुण्य कर्ममै प्रयोग गर्ने हेतुले बालगृहका बालबालिकालाई सहयोग हुने गरी रकम हस्तान्तरण गरिएको साहित्यकार उपाध्यायले बताए । उनले बुबाकै स्मृतिमा गाउँको किरियापुत्रीका लागि सहयोग पुग्ने गरी सार्वजनिक धारा निर्माण गर्ने पनि सो अवसरमा जानकारी दिए । २०६८ सालदेखि सञ्चालित बालगृहमा हाल ४६ जना बालबालिका आश्रित रहेका बालगृहकी संस्थापक तथा प्रबन्धक कमला पराजुलीले जानकारी दिइन् । ‘चिल उड्यो आकाशमा’, ‘साइकल’, ‘बाबा कतारमा आमा हतारमा’ लगायत कृतिका स्रष्टा उपाध्यायका पिता शङ्करको गत फागुन ८ गते ७५ वर्षको उमेरमा हृदयघातका कारण निधन भएको थियो । निवृत्त शिक्षक स्वर्गीय उपाध्यायले करिब ४० वर्ष अध्यापन गरेका थिए । रकम हस्तान्तरण कार्यक्रमको सहजीकरण पत्रकार फडिन्द्र अकिञ्चनले गरेका थिए ।

# सत्कारले लोभिन्छन् घरबासका पाहुना

पोखरापत्र संवाददाता
बागलुङ, २२ फागुन

साँझमा घरधन्दा सकेका घरबास सञ्चालकहरू सयपत्री फूलको माला हातमा लिएर दैलोमा उभिएका थिए । गाउँघरको खेतीपाती, घरधन्दा सकेर आराम गर्ने साँझमा पाहुनालाई स्वागत सत्कारमै व्यस्त हुन्छन् बागलुङको भकुण्डेस्थित अतिथि सत्कार घरबासका सञ्चालक ।

बागलुङ बजारमा जन्मिएर कर्मथलो अमेरिका बनाउँदै आउनुभएकी अनुसिया श्रेष्ठ पहिलोपटक घरबास पुग्दा स्वागत र सत्कारले दङ्ग पर्नुभएको थियो । बागलुङकै पहिलो सामुदायिक घरबासमा पुग्नुभएकी श्रेष्ठलाई साँझ सयपत्री फूलको मालाले स्वागत गरियो भने भोलिपल्ट लालीगुराँस फूल दिएर बिदाइ गरेको क्षणले मन लोभ्याएको बताउनुहुन्छ । “गाउँघरको रमाइलोपल,अर्ग्यानिकखानाको परिकार, फूलमालाको स्वागत तथा लालीगुराँसको बिदाइ, बिहानै मूलाबारी भ्यूप्वाइन्टको सूर्योदयले मन लोभ्यायो”, श्रेष्ठले भन्नुभयो, “३३ वर्ष अमेरिका बसेँ, नेपालजस्तो आनन्द अन्त छैन, घरबासमा आउने सडक भने सुधार गर्न आवश्यक देखिएको छ, गुन्द्रुक, कोदोको रक्सी, कोदोको ढिडोसँगै अर्ग्यानिक खानाका परिकारले अमेरिका नै भुलायो मलाई ।” लालीगुराँस भनेपछि आन्तरिक र बाह्य पर्यटक हुरुक्कै भएपछि यहाँका घरबास (होमस्टे)ले पर्यटकको स्वागत सत्कारमा लालीगुराँस फूलको प्रयोग गर्न थालेपछि पाहुनाहरू मोहित भएका छन् ।

पछिल्लो समय पर्यटकीय क्षेत्रका रूपमा विकास भइरहेको बागलुङ नगरपालिका-१० स्थित पर्यटकीय गाउँ भकुण्डे घरबासमा पुग्ने पाहुनालाई त्यहाँको स्वागत सत्कारले निकै आकर्षित गर्ने गरेको छ । भकुण्डेको वनमा ढपक्कै फुलेको लालीगुराँस फूल टिपेर त्यहाँका स्थानीयले घरबासमा आउने पाहुनालाई स्वागत गर्ने गरेका छन् ।

बजारमा लालीगुराँस नदेखेका पर्यटकलाई राष्ट्रिय फूल लालीगुराँसले पर्यटकलाई थप मोहित पार्ने भन्दै चैतवैशाखमा लालीगुराँसले स्वागत गर्ने गरेको घरबासका सञ्चालक बताउँछन् ।

जिल्लामै पहिलोपटक २०६८ सालमा घरबासको स्थापना गरेका भकुण्डे गाउँका स्थानीय अहिले घरबासमा आउने पाहुनालाई रिझाउन व्यस्त हुने गरेका अतिथि सत्कार घरबासका सञ्चालक अप्सरा थापा बताउनुहुन्छ । मगर समुदायको बस्ती भएको भकुण्डे गाउँमा मगर समुदायको संस्कृति तथा विभिन्न पर्यटकीयस्थल, मूलाबारी दृश्यावलोकन स्तम्भ, बराह ताल, हीराताल हेर्नका लागि आन्तरिक तथा बाह्य पर्यटक भकुण्डे आउने गरेका छन् ।

भकुण्डेमा हाल नौ घरमा घरबास कार्यक्रम सञ्चालन भइरहेको छ । “सुरुमा पाहुनालाई कसरी स्वागत, सत्कार गर्ने भन्ने ज्ञान थिएन”, थापाले भन्नुभयो, “अहिले घरबास व्यवस्थापनसम्बन्धी तालिम प्राप्त भइसकेपछि धेरै कुराको ज्ञान भयो”, थापाले मौसमअनुसार फुलेका फूलमध्ये पाहुनाले लालीगुराँस अत्यधिक रुचाउने गरेका कारण वनमा गएर स्वागतका लागि लालीगुराँस ल्याउने गरेको बताउनुभयो । घरबासमा आउने पाहुनालाई आकर्षित गर्न यहाँका समुदायले भकुण्डे जनजाति सङ्ग्रहालयसमेत स्थापना गरेका छन् । बागलुङ जिल्लाको सदरमुकाम बागलुङ बजारदेखि तीन घण्टाको पैदल तथा समुद्री सतहदेखि दुई हजार १५० मिटरको उचाइमा रहेको चारतले पक्की दृश्यावलोकन स्तम्भ निर्माणसँगै घसबासमा बसेर बिहानै सूर्योदय हेर्न आउने पर्यटक वृद्धि हुन थालेको वडाध्यक्ष प्रेम थापाले बताउनुभयो । यहाँको स्वागतसँगै स्थानीय खाना, मूला, आलु, सिन्की, लोकल कोदोको रक्सी, मकै, कोदो, भटमासलगायतका स्वादिष्ट परिकारले मनै लोभ्याएको घरबास पुगेका पर्यटक करिष्मा क्षेत्रीले बताउनुभयो । पर्यटक स्वागतमा सयपत्री फूलको माला तथा बिदाइमा लालीगुराँसको फूल उपहारस्वरूप प्रदान गरिने घरबास सञ्चालक यामबहादुर थापाले बताउनुभयो । भकुण्डेमापछिल्लोसमयइटाली, न्युजील्याण्ड, जापान, अष्ट्रेलिया, कोरियालगायत देशबाट पनि पर्यटक आउन थालेका छन् । मिलेको भूबनोट, भकुण्डेबाट देखिने एक दर्जन बढी हिमशृङ्खला, मगर कला, संस्कृति भकुण्डेको पहिचान नै बनेको छ । बागलुङ नगरका पर्यटकीय क्षेत्रलाई उजागर गर्न बागलुङ नगर पर्यटन विकास समितिले पत्रकार र निजी क्षेत्रलाई हालै भकुण्डे घरबाससमेत पुर्‍याएको नगर उपप्रमुख तथा नगर पर्यटन विकास समितिका संयोजक राजु खड्काले जानकारी दिनुभयो ।

# खानेपानी, सिँचाइ र नदी नियन्त्रणका ८२ योजना

पोखरापत्र संवाददाता
म्याग्दी, २२ फागुन

म्याग्दीमा चालु आर्थिक वर्ष २०८२/८३ मा खानेपानी, सिँचाइ र नदी नियन्त्रणसम्बन्धी ८२ वटा योजना सञ्चालन भएका छन् । खानेपानी, जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयले ३४ वटा खानेपानी, चारवटा नदी नियन्त्रण, २९ वटा नदी नियन्त्रण, विपद्का चार र ऊर्जातर्फ दुईवटा योजना कार्यान्वयनमा ल्याएको हो ।

कार्यालयका प्रमुख सिनियर डिभिजनल इन्जिनियर झलकमोहन ओझाले ४३ वटा योजनाको ठेक्का लगाएको र बाँकी योजना ठेक्का प्रक्रियामा रहेका जानकारी दिनुभयो । “प्रदेश सरकारको निर्देशनअनुसार यस वर्ष सबै योजना ठेक्का प्रतिस्पर्धाबाट कार्यान्वयनमा लगिएको छ”, उहाँले भन्नुभयो, “गत वर्ष सुरु भएका दुईवटा योजना निर्माण सकिएका छन् ।” सङ्घीय विशेष अनुदानको रत्नेचौर लिफ्ट खानेपानी र मङ्गला गाउँपालिका-४ को बुकेनी सिँचाइ योजना निर्माण सकिएको हो । सबै योजनाहरूका लागि पुँजीगततर्फ रु ११ करोड ६८ लाख बजेट विनियोजन भएको छ ।

खानेपानीतर्फ स्रोत सुनिश्चितता भएका १२, क्रमागत १०, मर्मतसम्भार सात र सर्वेक्षणसम्बन्धी चारवटा योजना छन् । नदी नियन्त्रणतर्फ कुल रु एक करोड बजेट भएको पोखरेबगर, सिम, तातोपानी संरक्षण र ठाडोढुङ्गा पहिरो रोकथाम योजना रहेका छन् । सिँचाइतर्फका ११ वटा योजनाको स्रोत सुनिश्चितता, १३ वटा क्रमागत र पाँचवटा मर्मतसम्भारसम्बन्धी योजना छन् ।

# देवघाटमा देखियो घडियाल गोही

रासस
चितवन, २२ फागुन

गैँडाकोटको देवघाट क्षेत्रमा घडियाल गोही देखा परेको छ । केही वर्षअघिसम्म देवघाट क्षेत्रमा गोहीको चर्चा हुने गरेको भए पनि पछिल्ला वर्षमा दुर्लभ रूपमा देखिने गरेको थियो । मलामी जाने क्रममा स्थानीय उपेन्द्र पण्डितले देवघाटको गैँडाकोटतर्फको बगरमा घाम तापिरहेको घडियाल गोही देखेपछि पत्रकार रमेशकुमार पौडेललाई जानकारी दिनुभयो । मलामी गएका धेरैले गोही देखेका उहाँको भनाइ छ ।

पत्रकार पौडेलले केहीदिन अघि स्थानीय बोटेले नदी बगरमा गोही देखेको बताउनुभयो । “चितवन राष्ट्रिय निकुञ्जका पूर्वसहायक संरक्षण अधिकृत स्वर्गीय वेदबहादुर खड्काले निकुञ्जमा कार्यरत रहँदा देवघाट नजिकको नारायणी र कालीगण्डकी किनार घडियाल गोहीका लागि उपयुक्त बासस्थान रहेको बताउनुभएको थियो । प्रदुषण बढ्दै गएपछि यो क्षेत्रमा घडियाल गोही देख्न छाडिएको उहाँले बताउनुहुन्थ्यो”, उहाँले भन्नुभयो ।

निकुञ्जका सहायक संरक्षण अधिकृत एवं सूचना अधिकारी अविनाश थापा मगरले घडियाल गोही बगेको सफा पानीमा बस्ने, माछा खाने प्राणीका रूपमा रहेको बताउनुभयो । नदी र खोलामा भएको प्रदूषण, मानवीय अतिक्रमण र माछाको कमीले घडियाल हराउँदै गएका उहाँको बुझाइ छ । स्थानीय बोटे समुदायका अनुसार देवघाट र वरपरको क्षेत्रमा करिब ३५ वर्षयतादेखि घडियाल गोही देखिन छोडेको थियो । निकुञ्जका सूचना अधिकारी मगरले भन्नुभयो, “यहाँका ज्येष्ठ नागरिकका भनाइअनुसार झण्डै ३५ वर्षयतादेखि देवघाट क्षेत्रमा घडियाल देखिएको थिएन । अहिले देखिएको गोही यहाँको रैथाने हो वा अन्यत्रबाट आएको हो अध्ययन गर्नुपर्ने छ ।” घडियाल संरक्षणका लागि चितवन राष्ट्रिय निकुञ्जको कसरामा प्रजनन केन्द्र रहेको छ । जहाँ राप्ती र नारायणी नदी किनारमा जोखिममा रहेका गुँडबाट अण्डा सङ्कलन गरी यहाँ ल्याएर बच्चा हुर्काउने गरिन्छ । हुर्किएका बच्चालाई पुनः नदीहरूमा छाड्ने गरिएको छ । विगतमा कालीगण्डकीमा समेत हुर्किएका घडियाल गोही छाडिँदै आउने भए पनि संरक्षण हुन नसकेपछि निकुञ्ज आसपासका राप्ती र नारायणी नदीमा मात्रै छोड्ने गरिएको थापा मगरले बताउनुभयो । पछिल्लो पटक गत पुसमा सार्वजनिक भएको गणना अनुसार राप्तीमा २३१ र नारायणीमा १३५ घडियाल गोही फेला परेका छन् । देवघाट क्षेत्रमा गोही नदेखिने भएकाले पछिल्ला वर्षहरूमा गणना हुन छाडेको मगरले बताउनुभयो । देवघाटमा गोही देखिनुलाई महत्वका साथ हेरिएको भन्दै उहाँले यसबारे थप अध्ययन गरिने जानकारी दिनुभयो ।

# तनहुँ जलविद्युत् आयोजनाद्वारा ९२ योजना सम्पन्न

पोखरापत्र संवाददाता
दमौली, २२ फागुन

तनहुँको ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनामार्फत ९२ वटा योजना सम्पन्न भएका छन् । आयोजनाको प्रभावित क्षेत्रमा सामुदायिक उत्तरदायित्वअन्तर्गत ९२ योजना सम्पन्न भएका हुन् भने आठ वटा सञ्चालनमा आएका छन् ।

आयोजना प्रमुख श्यामजी भण्डारीलेआयोजनाकोसामुदायिक विकास कार्यक्रमअन्तर्गत प्रभावित क्षेत्रहरूमा उपभोक्ता समितिमार्फत सामुदायिक विकास तथा जीविकोपार्जन पुनःस्थापन कार्यक्रम सञ्चालन गरिएको बताउनुभयो । उपभोक्ता समितिमार्फतसञ्चालितयोजना वातावरणीय तथा सामाजिक व्यवस्थापन सेवा प्रदायकबाट नियमित रूपमा अनुगमन गरिएको उहाँको भनाइ छ । उहाँका अनुसार ऋषिङ-७ स्थित माछाङ टुनीबोट ट्रेल पुलसम्मको पहुँच सडक, म्याग्दे गाउँपालिका-३ स्थित किलचोक शाखा सडकको नाला निर्माण, भिमाद नगरपालिका-५ स्थित फेदीखोला मोटरेबल पुल निर्माण, ऋषिङ गाउँपालिका-७ स्थित डाँडीवन चुलेसी पहुँच मार्ग, ऋषिङ गाउँपालिका र म्याग्दे गाउँपालिका जोड्ने सेती नदीमाथि चुलेसी, टुनीबोटे, ब्ल्याङ र टुटुवामा गरिने चारवटा झोलुङ्गो पुलका लागि लट्ठा आपूर्ति तथा ढुवानी, वानटाङ खोलामा पक्की पुल निर्माण, व्यास नगरपालिका-५ पाटनमा पहुँच सडकसँग जोडिएको स्थानबाट गाउँतर्फ जाने सडक र ऋषिङ गाउँपालिका-१ स्थित खानेपानी मुहान तथा पाइप सुधार सहयोग कार्यक्रम सञ्चालनमा रहेका छन् ।

आयोजना निर्माणका लागि समुदायको महत्वपूर्ण भूमिका रहने भएकाले सामाजिक कामलाई प्राथमिकता दिइएको भण्डारीले बताउनुभयो । उहाँले भन्नुभयो, “समुदायसँग सहकार्य गर्दै आयोजनालाई सम्पन्न गराउनेतर्फ हामी लागिपरेका छौँ, विभिन्न सामाजिक काममा आयोजनाको तर्फबाट सहयोग रहँदै आएको छ ।” आयोजनाको चरण-१ अन्तर्गत बाँधसहित संरचना (हेडवर्क्स), चरण-२ अन्तर्गत मुख्य सुरुङ, विद्युत्गृह तथा सम्बन्धित उपकरणहरू र चरण-३ अन्तर्गत दमौली भरतपुर २२० केभी प्रसारण लाइनको काम भइरहेको आयोजना प्रमुख भण्डारीले जानकारी दिनुभयो । कम्पनीको पुँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कूल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याजसमेत) ५० करोड ५० लाख अमेरिकी डलरका लागि एडिबीले १५ करोड, जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले आठ करोड ५० लाख र नेपाल सरकारको समन्वयमा नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर व्यहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ ।

# गोरखा-१ को मतपेटिका बोकेको हेली पोखरामा आकस्मिक अवतरण

पोखरापत्र संवाददाता
गोरखा, २२ फागुन

गोरखाको हिमाली भेगको मतपेटिका बोकेको नेपाली सेनाको हेलिकप्टर पोखरामा आकस्मिक अवतरण गरेको छ । खराब मौसमका कारण गोरखा सदरमुकाममा हेली अवतरण गर्न नसकेपछि पोखरा लगेको मुख्य निर्वाचन अधिकृत विष्णुप्रसाद गौतमले बताउनुभयो ।

शुक्रबार दिउँसोदेखि हिमाली भेगका २३ मतदान केन्द्रका मतपेटिका हेलिकप्टरबाट ढुवानी गर्न सुरु गरिएको थियो । ‘हेलीले पहिलो लटमा चुमनुब्री गाउँपालिकाको वडा नं ७ स्थित छेकम मतदान केन्द्र र वडा नं ६ को चुम्चेत मतदान केन्द्रको मतपेटिका सदरमुकाम ल्याइसकेको छ”, उहाँले भन्नुभयो, “दोस्रो लटमा चुमनुब्री-१ स्थित गौरीशङ्कर आधारभूत विद्यालय खाङसार र साम्दो आधारभूत विद्यालय मतदान केन्द्रको मतपेटिका ल्याउने क्रममा मौसमले साथ दिएन ।”

खराब मौसमका कारण उत्तरी गोरखाको मतपेटिका सङ्कलन प्रभावित बनेको मुख्य निर्वाचन अधिकृत विष्णुप्रसाद गौतमले बताउनुभयो । जिल्लाको तल्लो भेगका मतपेटिका भने गए राति नै ढुवानी भइसकेको छ । गोरखा क्षेत्र नं २ को मतगणनासमेत सुरु भइसकेको मुख्य निर्वाचन अधिकृत गौतमले जानकारी दिनुभयो । गोरखा-१ को मतगणना जिल्ला सदरमुकामस्थित जिल्ला समन्वय समितिको भवन र गोरखा-२ को भूतथा जलाधार व्यवस्थापन कार्यालयमा गणना हुने गौतमले भनाइ छ ।